निर्णायक राष्ट्रिय शक्ति निर्माण: हाम्रो संकल्प

समृद्ध नेपाल, सुखी नेपाली: राष्ट्रिय गन्तव्य

# नेकपा (एमाले)
# प्रतिनिधिसभा निर्वाचन २०८२
# कास्की क्षेत्र नं. १

# प्रतिबद्धतापत्र



**बैन बहादुर अधिकारी क्षेत्री**

प्रत्यक्ष उम्मेदवार

क्षेत्र नं. १

## पृष्ठभूमि

कास्की केवल एउटा निर्वाचन क्षेत्र मात्र नभई इतिहास, संस्कृति, प्रकृति र सम्भावनाको जीवन्त सङ्गम भएको भूमि हो। हिमाल, पहाड र सभ्यताको साझा थलो कास्कीले सधैँ परिवर्तन, चेतना र प्रगतिलाई अघि बढाउने ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको छ। आज फेरि यही कास्की-१ बाट राष्ट्रलाई सही दिशा दिने सङ्कल्पसहित आम निर्वाचन २०८२ को महत्त्वपूर्ण अवसर हामीसामु आएको छ।

नेपाल लामो सङ्घर्ष, आन्दोलन र बलिदानपछि आफ्नै संविधान जारी गरी लोकतान्त्रिक गणतन्त्रको यात्रामा प्रवेश गरेको छ। निरङ्कुश जहानियाँ राणा शासन, निर्दलीय पञ्चायती व्यवस्था र राजतन्त्रको अन्त्य गर्दै प्रजातन्त्र र गणतन्त्र स्थापना हुनु नेपाली जनताको ऐतिहासिक उपलब्धि हो। यससँगै जनता रैतीबाट सचेत नागरिक बनेका छन् र आफ्ना लोकतान्त्रिक अधिकार प्रयोग गर्न पाएका छन् तर आज पनि मुलुकले आर्थिक आत्मनिर्भरता, रोजगारी, सुशासन, सामाजिक न्याय, शान्ति र राष्ट्रिय स्वाभिमानका सवालमा गम्भीर चुनौतीहरू सामना गरिरहेको छ ।

यसैबीच, राष्ट्रियता, लोकतन्त्र र संविधानमाथि सङ्कट मडारिरहेको वर्तमान परिस्थितिमा प्रतिनिधि सभाको असंवैधानिक विघटन, जनादेशको अपमान, विधिको शासन कमजोर बनाउने प्रयास, तथा अराजकता र ध्वंसात्मक गतिविधिप्रति राज्यको कमजोर भूमिकाले समाजमा भय र अस्थिरता सिर्जना गरेको छ। निष्पक्ष र निर्भयका साथ निर्वाचनको वातावरण निर्माण गर्नु सरकारको दायित्व भए पनि त्यसतर्फ अपेक्षित ध्यान पुग्न सकेको छैन। उल्टै स्थापित राजनीतिक दल, प्रणाली र नेतृत्वविरुद्ध निषेध, प्रतिशोध र घृणा फैलाउने प्रवृत्ति बढ्दो छ ।

यस्तो गम्भीर घडीमा राष्ट्रियता, संविधान र लोकतन्त्रको रक्षा गर्दै देशलाई शान्ति, स्थायित्व र समृद्धिको बाटोमा अघि बढाउने ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा आएको छ। लोकतन्त्रलाई सबल बनाउँदै, जनताको जीवनस्तर उकास्दै र देशभित्र उत्पादन, रोजगारी तथा आत्मनिर्भर अर्थतन्त्रलाई सुदृढ नगरी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल हुन सक्दैन ।

विगतमा भएका प्रयास र उपलब्धिहरूको यथार्थ मूल्याङ्कन गर्दै, भएका कमजोरी स्वीकार गरी तिनलाई नदोहोऱ्याउने दृढ सङ्कल्प र सुशासनको पूर्ण प्रत्याभूति गराउने गरी यस निर्वाचन क्षेत्रका जनताको भरोसा र अपेक्षालाई केन्द्रमा राखेर हामी यो प्रतिबद्धतापत्रमार्फत नेकपा (एमाले) यहाँहरू समक्ष उपस्थित भएको छ ।

प्रस्तुत प्रतिबद्धतापत्र केवल चुनावी दस्तावेज मात्र होइन यो हाम्रो निर्वाचन क्षेत्रको समृद्ध, सुरक्षित र आत्मनिर्भर भविष्य निर्माणका लागि जनतासँग गरिएको इमानदार र दृढ बाचा हो । तपाई हाम्रा एक भोटले देश बेच्ने र सक्ने लाइसेन्स नबनोस बरु देशको सार्वभौमिकता, राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक मूल्यहरूको रक्षा गर्ने प्रमाणपत्र बनोस् ।

यसै दृढ संकल्पका साथ यस क्षेत्रलाई विकास, सामाजिक न्याय, समान अवसर र स्वाभिमानको नमुना क्षेत्रका रूपमा स्थापित गर्न नेपाल कम्युनिष्ट पार्टी (एमाले) तपाईंहरूसँग सदा झैं सहकार्य, समर्थन र विश्वासको अपेक्षा गर्दछ ।

## कास्की-१ मा नेकपा (एमाले) को पहल र अग्रसरतामा सम्पन्न भएका एवम् क्रमागत रहेका प्रमुख आयोजनाहरू:

- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र सञ्चालन,
- मध्यपहाडी लोकमार्गअन्तर्गत रुदी-भैंसे र भैंसे-ज्याङ्दु सडक कालोपत्रे,
- रुपाताल एकीकृत विकास परियोजनाअन्तर्गत पूर्वी भागमा सडक, तालमा मिस्सिने खोलाहरूमा चेकड्याम,गेग्रियन थुपार्न पोखरी, सौन्दर्यीकरण अभिवृद्धि गर्न टापु र मन्दिर निर्माण एवं बाँध निर्माण कार्य सुचारु,
- पोखरा रङ्गशालामा खेलमैदान र प्याराफिट  निर्माण,
- पृथ्वी राजमार्गअन्तर्गत कोत्रे-पोखरा खण्डको स्तरोन्नति, काउरेडाँडा ताङतिङ सडक स्तरोन्नति,
- तालचोक-बेगनास सडक, फेदी-पोल्याङ सडक, बेगनास-भोर्लेटार सडक, रामकोट-रामादी सडक, राखी-मिजुरे सडकको राखी-सौरे खण्ड, पोखरा-याङ्जाकोट सडकको पोखरा-तारकाङ खण्ड, सिसुवा-देउराली फेदी सडकको सिसुवा-खुदी खोला खण्ड, वडा नं २१ र २६ जोड्ने सडक, सहिद कृष्ण भुजेल मार्गको खराने-सुर्केमैदान खण्ड,

पुरानो हुलाकी मार्ग सातमुहानेसम्मको खण्ड पोखरा-सिक्लेस सडकको पोखरा-चिप्ली खण्डको कालोपत्रे र वडा केन्द्रदेखि पालिका केन्द्रसम्म पुग्ने सडकहरू निर्माण,

- ❊ ताङतिङ-करपुडाँडा-क्होलासोंथर सम्पदा मार्ग निर्माण,
- ❊ मादी, सेती, विजयपुर, गडुवा खोला,चण्डीखोला, स्याङ्खुदी, सहेंले, खाल्टे, खुदी खोला आदि नदी र खोलाहरूमा पक्की पुलहरूको निर्माण एवं मादी, सेती र खुदी खोलाका केही स्थानहरूमा तटबन्ध,
- ❊ मादी गा.पा.का १० वटा, रुपा गा.पा.का ६ वटा र पोखरा महानगरपालिकाका यस क्षेत्रमा पर्ने ११ वडा मध्ये अधिकांश वडा कार्यालयहरू र रुपाको पालिका भवन निर्माण,
- ❊ १४ वटा आधारभूत स्वास्थ केन्द्रहरू, २ वटा १५ शैयूयाका अस्पतालहरू र सिसुवामा २५ शैयूयाको जिल्ला अस्पताल सरहको अस्पतालको स्थापना, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एन, :द्यद्यक र द्यक्अ ल्गचकष्लन को पठन-पाठन प्रारम्भ,
- ❊ विभिन्न ठाउँका समाजघरहरू, क्होंहिबो धींहरू, क्लब भवनहरू, मन्दिरहरू, नेवाःखलहरू, इदहाह, जनजागाहलगायत सामूदायिक भवनहरू, पार्कहरू, शवदाह स्थलहरू, खेल मैदानहरू, कृषि उपज बिक्री केन्द्रहरूको निर्माण,
- ❊ ४४ वटा माध्यामिक र आधारभूत विद्यालयहरूमा आधुनिक भवन निर्माण,
- ❊ निर्वाचन क्षेत्रभित्रका बस्तीहरूमा इन्टरनेट र मोवाइल सेवा विस्तार,
- ❊ मादी नदीको कोइलेनी जल विद्युत उत्पादन गर्न सम्भाव्यता अध्ययन सम्पन्न,
- ❊ निर्वाचन क्षेत्रभित्रका सम्पूर्णजसो घरहरूमा विद्युत जडान, अधिकांश ठाँउमा काठेपोलहरूको विस्थापन,
- ❊ रुपा र वेगनासतालमा पानी लिफ्टिङ गरी विद्युत उत्पादन गरी वितरण गर्न सम्भाव्यता अध्ययन सम्पन्न,
- ❊ निर्वाचन क्षेत्रभित्र रहेका अस्पताल, स्वास्थ चौकी, प्राथमिक स्वास्थ केन्द्र, सहरी स्वास्थ्य केन्द्रहरूको स्तरोन्नति,
- ❊ विजयपुर र बेगनास सिँचाई आयोजनाको मर्मत तथा सम्भार कार्य,
- ❊ वैदेशिक रोजगारमा जानेहरूको अभिलेखीकरण (रुपा पालिकामा) सम्पन्न ।

## कास्की–१ को विकास र समृद्धिका लागि हाम्रा प्रतिबद्धताहरू

### १. भौतिक पूर्वाधार

- ❊ वडा केन्द्रदेखि पालिका केन्द्रसम्म जोड्ने सम्पूर्ण सडकहरू र सहिद कृष्ण भुजेल मार्गको बाँकी खण्ड कालोपत्रे गरिने छ।
- ❊ मध्य पाहाडी लोकमार्गको ज्याग्दु-मेलबोट-हेमजा खण्ड सम्पन्न गरिने छ। सिक्लेस र ताङतिङसम्म पुग्ने सडकहरूको कालेपत्र गर्न बाँकी खण्डमा कालोपत्रे गरिने छ।
- ❊ गगनगौंडा-सातमुहाने-रुपाताल सडकमार्ग निर्माण गरिने छ।
- ❊ याङ्जाकोट-तोगी-बार्चोक-भाचोक-पाखिकोट, कसेरी-लाँकुरीबोट-स्यालटुडो, भाचोक-मिजुरे-सैमऱ्याङ-हाँडीखोला-लिप्यानी, सौरे-नौरु-बेत्यानी, तल्लो गगनगौंडा-पट्नेरी-विरौटा, मादी कोरिडोर बाँकी खण्ड, मादी रिङरोड, सडक, बेगनास ताल नहर-किउँबेंसी-चैनपुर-सातमुहाने, नयाँबजार-गहते-रवैडाँडा-नागीधार, सोथरबेंशी-गोर्जे-रवैडाँडा-पोसी-पैयौँ, थुम्सीकोट-मकैखोला-घाचोक-कशेरी-शिवालय-सुर्केमैदान-विमिरापानी -ध्रुवपुर, अर्चर्ले-ध्रुवपुर-कालिकास्थान-चितेपानी-ठुलास्वाँरा, डाडबेसी-थाम-लङ्काथर, स्याङखुदी-कँडेल गाउँ-डाँडागाउँ, खोलाबेसी-बेतेनी-लुम्ले, कालिका-देउमाडी-ठूलाकोट-आख्ले, भगवतीटार- सैमऱ्याङ-खिल्याङ-नयाँकाउरे गाउँ, सिक्लेस-पाल्चे, भुर्तेल-आरुपाट सडकहरूको स्तरोन्नती गर्न आवश्यक पहल गरिने छ ।
- ❊ लामेआहाल र बेगनास तालमा सुविधा सम्पन्न व्यवस्थित बस बिसौनीको निर्माण गरिने छ ।
- ❊ यस निर्वाचन क्षेत्रका नदी र खोलाहरूको अध्ययन गरी आवश्यक ठाँउहरूमा पक्कीपुल र झोलुङ्गे पुलहरूको निर्माण गरिने छ।
- ❊ नर्वाचन क्षेत्रभित्रका आठै तालहरू जोड्ने साइकल लेनसहितको सम्पर्क सेतु मार्ग (Connection Road) र यस क्षेत्रअन्तर्गत पर्ने पोखरा रिङरोड खण्डको निर्माण कार्य सुरु गरिने छ।

- सिक्लेस-सोधा-चाँसु, सिक्लेसबेसी-पालचे जोडने कृषिसडक, सवी-चाँसु-भेडीखर्क, स्वालटुडो-बयरघारी-काउरे, रुपा रिङरोड, खोलाको छेउ-आँपुखोला-देउराली-खाल्टे-सिसाघाट, कोत्रे-मजुवा-मसिना-राजाका चौतारा, आँपुखोला-भोर्ले-फालभञ्ज्याङ, स्याङ्गुदी-माभ्कठाना-सौरे-मिजुरे सडक, राखी-मिजुरे सडकको बाँकी खण्ड, मादी कोरिडोर अन्तर्गतको सिसाघाट-सिक्लेस सडकको निर्माण तथा सिसुवा-पोल्याङटार, बेगनास-भोर्लेटार, देउरालीफेदी-रामादी-माउडाँडा-फैचोक-सिसाघाट, शिवचण्डी, उज्ज्वल टोल-घट्टेखोला-कसेरी-सुनपदैंली-ढाँडबेसी, अमरसिंह चोक-वीरेन्द्र चोक-कालिका क्याम्पस सडकहरूको स्तरोन्नति गरिने छ ।
- महानगरभित्रका सम्पर्क सडक सञ्जालको आवश्यकताअनुसार स्तरोन्नति र मर्मत गरिने छ। ट्राफिक चापलाई मध्यनजर गरी अमरसिंह चोकलगायत आवश्यक स्थानमा लिफ्टिङसहित फ्लाई ओभर निर्माणका लागि आवश्यक पहल गरिने छ। सेती नदी तटका दुई भागमा रहेका शान्ति वनबाटिकामा सुनाखरी पार्क निर्माण गरीं सो भागलाई कलात्मक भ्कोलुङ्गे पुलले जोडिने छ ।
- रुपाका विर्दी, खाल्टेखोला, लोदीखोला, बिलमादे, आँपुखोलामा, महानगरका ३२ वडाको तल्लो गगनगौंडा र राजाका चौतारा जोड्ने खुदीखोलामा, सेती नदीमाथि १४ र ३३ वडा जोड्ने ओखतढुङ्गेमा, ३२ र ३३ वडा जोड्ने लामेआहालमा, २७ र ३३ वडा जोड्ने चमेरेघाटमा, २६ र १४ वडा जोड्ने रातमाटेमा र मादीको आवश्यक ठाँउमा पक्की पुल र आवश्यक ठाँउमा भ्कलुङ्गे पुलहरू निर्माण गरिने छ।
- साविक आर्वाविजय गाविसस्थित छापाको चौतारोदेखि बिजयपुर खाम घले डिही गाउँ जाने पक्की सडक निर्माण गरिने छ ।
- मादी, सेती, विजयपुर, काहुँखोला, आँपुखोलालगायतका नदी र खोलाहरूले नकरात्मक असर पुऱ्याइरहेका र पुऱ्याउने सम्भावना भएका बस्तीहरू र कृषियोग्य भूमिको उचित संरक्षण गर्न आवश्यक ठाउँहरूमा तटबन्ध निर्माण गरिने छ ।
- निर्वाचन क्षेत्रमा निर्माण गरिने सम्पूर्ण संरचनाहरू पर्यावरणमैत्री बनाइने छ ।

## २. स्वास्थ

- आधारभुत स्वास्थ सेवा निःशुल्क गरिने छ ।
- स्वास्थ बिमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ। स्थानीय निकायसँग समन्वय गरी गरिब, अपाङ्गता भएका, जेष्ठ नागरिक, सुत्केरी, बच्चाहरूको बिमाको ५०% रकम मात्र बिमितले तिर्ने बनाई अधिकतम बिमाको खर्च २ लाखसम्म सरकारले भुक्तानी गर्ने व्यवस्था गरिने छ।
- प्रादेशिक र स्थानीय सरकारसँगको समन्वयमा शिसुवा अस्पताल, सरुवा रोग अस्पताल, रुपाकोट र मादी अस्पतालहरू तथा स्वास्थ्य चौकीहरुमा पूर्वाधारहरू थप गरी स्तरउन्नती गरिनेछ।
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका भौतिक एवम् गुणस्तरीय सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ ।
- पोखरा विश्वविद्यालयमा ःद्यद्यक र पोखरा स्वास्थ विज्ञान प्रतिष्ठानमा एन का थप विषयहरूको अध्यापन कार्य सुरु गरिने छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य सेवा सहज र अभ्क प्रभावकारी बनाइने छ। ICU Bed संख्या, MRI Machine सङ्ख्या वृद्धि गरिने छ, Dialysis Service र Cath lab को सुदृढीकरण गरिने छ।

## ३. जलश्रोत र विद्युत्

- कास्कीको विद्युत कास्केली जनतालाई नै भन्ने भनाईलाई सार्थक तुल्याई घरेलु प्रयोजनमा न्यूनतम विद्युत् महशुल रकम छुट गरिने छ ।
- स्थानीय जनता र सरकारको संयुक्त लगानीमा यहाँका नदी, खोला र तालमा साना र मभ्कौला जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी सञ्चालन गरिने छ ।
- महानगरपालिका क्षेत्रमा विद्युत् तारहरूलाई भूमिगत र गाँउपालिका क्षेत्रमा नाङ्गा तारहरू प्रतिस्थापन गरिने छ ।

❋ वैकल्पिक ऊर्जा जडानमा अनुदान र छुटको व्यवस्था गरिने छ। नयाँ बस्ती र उत्पादन क्षेत्रमा तुरुन्त विद्युत् जडान गरिने छ।

❋ विद्युत् जडानमा प्रयोग गरिएका कमसल खालका काठे पोलहरू विस्थापन गरिनेछ र सडक र विद्युत् आपुर्ति लाइनबिच उचित सामनजस्य (Alignment) कायम गरिने छ।

❋ विद्युत् आपूर्ति नियमित र दिगो बनाउन आवश्यक ठाँउहरूमा ट्रान्सफर्मरको क्षमता अभिवृद्धि गर्दै आवश्यकताअनुसार नयाँ ट्रान्सफर्मर जडान गरिने छ।

## ४. शिक्षा र रोजगार

❋ रुपा र मादी गाँउपालिकामा छात्रावास, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला र यायायातको सुविधा भएको एक एक नमुना विद्यालय स्थापना गर्न सहयोग गरिने छ र विद्यमान विद्यालयहरूलाई भौगोलिक अवस्था र महानगरपालिकाका विद्यार्थी सङ्ख्या सघन भएका विद्यालयहरूमा आवश्यक शिक्षक दरबन्दी थपी थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न पहल गरिने छ।

❋ बर्तमान शिक्षाका समस्याहरू सम्बोधन गर्न अबिलम्ब समयानुकुल शिक्षा ऐन र निजामति सेवा ऐन पहिलो वर्षमा नै ल्याइनेछ। विज्ञान प्रविधि इन्जिनियरिङ र गणित (STEM) शिक्षालाई प्रोत्साहन र प्रवर्धन गर्न एवं शिक्षा प्रणालीभित्र र बाहिर रहेका युवाहरूलाई उद्यमशील शिक्षा प्रदान गर्न आवश्यक नीति निर्माण गरिने छ।

❋ हरेक माध्यमिक विद्यालयमा एक एक जना सूचना तथा प्रविधि (IT), खेलकुद शिक्षक र स्वास्थ्य कर्मीको दरबन्दीका लागि पहल गरिने छ।

❋ पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय र पोखरा स्वास्थ विज्ञान प्रतिष्ठानहरूलाई सर्वसाधारणको पहुँचभित्र ल्याइने छ र यहाँका प्राविधिक जनशक्तिको ज्ञान र सिपलाई समग्र निर्वाचन क्षेत्रको विकास, योजना निर्माण र कार्यान्वयनमा उपयोग गरिने छ।

❋ प्राविधिक र व्यावसायिक शिक्षालाई जोड दिँदै गरिखाने शिक्षालाई महत्त्व दिइने छ र पढ्दै कमाउदै कार्यक्रमलाई प्रोत्साहित गरिने छ।

❋ हाल विश्वव्यापी रूपमा रहेको सूचना प्रविधिमा आधारित अनलाइन व्यावसायलाई यस क्षेत्रका युवा जनशक्तिसँग जोड्न नीतिगत व्यवस्था गरिने छ।

## ५. कृषि

❋ विजयपुर र बेगनासताल सिँचाइका नहरहरू तथा मध्य पहाडी लोकमार्गको निर्माणका क्रममा भत्के बिग्रिएका सिँचाइ कुलाहरूलाई स्थायी र दिगो रूपले निर्बाध सञ्चालन हुने गरी मर्मत-सम्भार गरिने छ।

❋ मादी गाँउपालिकामा अवस्थित मौरीबेसी, थारबेसी, तारकाङ, गोर्जेलगायतका नदी बेसीहरू, रुपाका खाल्टे र दर्गामटार एबं महानगरपालिकाका डुँडेखोला-गहिरीवल्ला खेत, मालेपाटन, ढोडबेसी र मजुवामा सिचाइ सेवा उपलब्ध गराउन सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ।

❋ मुग्रीबेसी सिचाइ आयोजना सञ्चालनमा ल्याई संपन्न गरिने छ।

❋ भूमिको उत्पादकत्व वृद्धि गर्न जग्गाको चक्लाबन्दी र सामूहिक खेतीलाई प्रोत्साहन गरिने छ।

❋ कृषिउपजको न्यूनतम समर्थन मूल्य तोकिने छ र उचित बजारीकरणका लागि कृषि एम्वुलेन्सको समेत व्यवस्था गरीनेछ। कृषी र पशु बिमालाई प्रभावकारी बनाइनेछ।

❋ भूमि समस्या समाधान गर्न समयअनुकुल भूमि ऐन निर्माण गरिने छ र भूमिहीन किसानहरू र सुकुम्बासीहरूका समस्याको सम्बोधन गरिने छ।

❋ राष्ट्रिय स्तरमा कृषि मल कारखाना स्थापना गर्न पहल गरिने छ र किसानलाई आवश्यक प्राविधिक सेवा, मल, बिउ, औजार, किटनाशक औषधीको आपूर्ति सहज बनाइने छ।

❋ मानव र बाँदर विचको द्वन्द्व कम गर्न आवश्यक नीति निर्माण गरी उचित व्यवस्थापन गरिने छ।

## ६. पर्यटन

- ❋ सिक्लेसको शान्ति स्तम्भ पार्कलाई थप सौन्दर्यीकरण गरिने छ।
- ❋ रोयल ट्रेकमा पर्ने ठाउँहरूसहित देउराली, पोल्याङ, फल्याङ्कोट, भिरचोक, स्याक्लुङ, माझकोट, भाले चुचुरो, पाखुरीकोट, सौपोखरी, लम्तरी डाँडा, याङ्जाकोट, नामार्जुन, क्होलासोंथर, ऋपुडाँडा, कोरी, क्हपुचे, सिक्लेस, ताराहिलटप, थाक, आर्वा, कालिका, चिन्तेको डाँडा, ठुलाकोट र बेगनासलाई समेटेर अन्तर्राष्ट्रिय पदमार्गको रूपमा विकास, संरक्षण र प्रवर्धन गरिने छ।
- ❋ मादीको सिक्लेस र कोरी जोड्ने र रुपाको रुपाताल र रुपाकोट जोड्ने केवुल कारको सम्भाव्यता अध्ययन गरी कार्य प्रारम्भ गर्न निजी क्षेत्रलाई उत्प्रेरित गरिने छ।
- ❋ सिक्लेस-ताङतिङ-कोरी-ठुलेक-थुर्चु-डाँफेखर्क-नामुन ला हुँदै मनाङको तिमाङसम्म पुग्ने वैकल्पिक अन्नपूर्ण पदमार्ग निर्माण गर्न पहल गरिने छ।
- ❋ कमल पोखरीलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिने छ।
- ❋ गुरुङ जातिको उद्गम स्थल क्होलासोंथरलाई अन्तर्राष्ट्रिय सम्पदा सूचीमा समावेस गर्न आवश्यक पहल गरिने छ र धार्मिक, सांस्कृतिक, पुरातात्त्विक एवं पर्यटकीय केन्द्रको रूपमा विकास गर्न आवश्यक कार्यहरू गरिने छ।
- ❋ मादीको उच्च हिमाली भेगमा जाने पदमार्गीहरूको सुरक्षाका लागि भरपर्दो इन्टरनेट र मोबाइल सेवाको विस्तार गरिने छ।
- ❋ साविक आर्वा विजय गाविसमा अवस्थित महाप्रभु धामलाई गुरुयोजनासहित धर्मिक र पर्यटकीय क्षेत्रका रूपमा विकास गरिने छ।
- ❋ भद्रकाली मन्दिरको फेदीमा रहेको माछापोखरी र यस आसपासको क्षेत्रलाई अत्याधुनिक पार्कका रूपमा विकास गरी त्यसको सौन्दर्यीकरण गरिने छ।
- ❋ औद्योगिक क्षेत्र-वीरेन्द्रचोक-रामबजार हुँदै चोरसाँघु पुलसम्मको बाटो विस्तार गर्दै पर्यटकीय मार्गका रूपमा विकास गरिने छ।
- ❋ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडानहरू शीघ्र सञ्चालन गर्न आवश्यक कदम चालिने छ।

## ७. युवा, रोजगारी तथा खेलकुद

- ❋ भण्डारढिकको खेलमदानलाई आधुनिक खेलमैखानका रुपमा विकास गरिने छ।
- ❋ तारकाङ, मिजुरे, बेत्यानी, मुसेटुडो, मजुवा, पचभौया, बर्नेपोखरीमा अवस्थित खेलमैदानहरूको स्तरोन्नति र कभर्डहलहरूको स्तरोन्नति गरी आवश्यक खेल सामग्रीहरू उपलब्ध गराइने छ।
- ❋ स्थानीय तहको सहयोगमा वैदेशिक रोजगारमा रहेका र बेरोजगार युवाको लागत सङ्कलन गरिने छ। बेरोजगार युवाहरूलाई व्यावसायिक, प्राविधिक तथा उद्यमशीलता तालिम प्रदान गरी स्वरोजगारका लागि आवश्यक बिउपुँजी ९क्भभम ःयलभथ० को व्यवस्था गरिने छ। एवं रैथाने सिप सिक्न खोज्ने युवाहरूलाई सिप हस्तान्तरण गरी व्यावसाय सञ्चालन गर्न सरल कर्जा र निःशुल्क बिमाको व्यवस्था गरिने छ।
- ❋ प्रादेशिक एवं राष्ट्रियस्तरका खेलाडीहरूको वृत्ति विकास, दुर्घटना बिमा र जीविकोपार्जनका लागि आवश्यक नीति निर्माण गरिने छ।
- ❋ सेवानिवृत्त तथा रिटर्नीहरूको ज्ञान र सिपलाई सदुपयोग हुने उचित अवसर प्रदान गरिने छ।

## ८. बन तथा वातावरण

❋ अन्नपूर्ण क्षेत्र संरक्षण परियोजनाका नियमावलीहरू र ऐनमा आवश्यक संशोधन गरी स्थानीयको हितलाई प्रवर्धन गरिने छ ।
❋ जडीबुटी र अन्य वन पैदावारमा आधारित साना तथा मझौला उद्योगको स्थापना गरिने छ ।
❋ चौतारी जस्ता विश्रामस्थल एवं ताजा हावाका स्रोत साथै नदी, ताल तलैया, पोखरीलगायतका पानीको स्रोत संरक्षण गरिने छ ।
❋ पचभैयास्थित खुला अन्तर्राष्ट्रिय चिडियाखानालाई थप व्यवस्थित गरी पर्यापर्यटनका रूपमा विकास गरिने छ ।
❋ जल, सिमसार, जमिन, खनिज, जडिबुटी, जङ्गल र जनशक्तिको समुचित प्रयोग गरी स्वाधीन अर्थतन्त्र निर्माण गरिने छ ।
❋ जैविक विविधताको संरक्षण, कार्बन उत्सर्जनको कमी, पर्यावरणको संरक्षण गर्दै जलवायु परिवर्तन प्रकियालाई न्यूनीकरण गरिने छ ।

## ९. खानेपानी

❋ आधारभूत खानेपानी सेवामा शतप्रतिशत नागरिकको पहुँच स्थापित गराई सबै घर परिवारलाई निजी धारामार्फत खानेपानी सुविधा वितरण गर्ने व्यवस्था गरिने छ ।
❋ खानेपानीले समस्याग्रस्त कालिका, माझठाना, आर्वा, तार्काङ, मादी ८ र ९ (साबिक मिजुर), रुपाकोट, थुम्कीमा दिगो खानेपानीको आपूर्ति गरिने छ ।
❋ वृहत थाक खानेपानी आयोजना पुनः सञ्चालनमा ल्याउनका लागि आवश्यक पहलकदमी लिइनेछ ।
❋ काहुँ खोला वृहत् खानेपानी तथा सरसफाइ आयोजना पुनः सञ्चालन गरी सम्पन्न गरिने छ ।

## १०. भाषा, कला, संस्कृति संरक्षण

❋ गुरुङ जातिको प्येताँ ल्हुताँ लगायत स्थानीय तथा लोपोन्मुख भाषाहरूको अध्ययन, सम्वर्धन र संरक्षण गरिने छ ।
❋ लोक साहित्य,घाँटु, सोरठी, सालैजो, झ्याउरे, ज्युमामै, भजन, कृष्ण चरित्र, तयामचा, गठेमंगल, पञ्चेबाजा, कौरा जस्ता परम्परागत संस्कृतिको संरक्षण गरिने छ ।
❋ यस क्षेत्रमा रहेका मठ, मन्दिर, मस्जिद, मदरसा, गुम्बा, क्होइबो, मगर हुमुष्ठा, गिर्जाघर र कोटहरू जस्ता प्रसिध्द धार्मिक र ऐतिहासिक स्थलहरूको प्रचार प्रसार, संरक्षण र संवर्धन गरी धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास गरिने छ ।

## ११. विपद् व्यवस्थापन

❋ वाढीको उच्च जोखिम भएका पहिराहरू एवं सेती, मादी, विजयपुर, खाल्टे खोला, खुदी खोला, गढुवा खोलाका तटीय भागहरूमा पूर्व सूचना संयन्त्रको व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।
❋ जोखिमयुक्त मानव बस्तीहरूलाई.आवस्यकता अनुसार व्यवस्थापन गरिने छ ।
❋ वहुउपयोगी सामुदायीक भवनहरूको निर्माण गर्दै विपद व्यवस्थापनमा समेत प्रयोग गरिनेछ ।

## १२. विविध

❋ महिला, उत्पिडित, अपाङ्ग, सिमान्तकृत, अल्पसंख्यक र निरिपेक्ष गरिविको रेखा मुनी रहेका समुदायहरुको हक हित तथा उत्थानका लागि आवश्यक कार्यक्रमहरु ल्याइने छ ।
❋ निजी, सहकारी र सार्वजनिक क्षेत्रका लागि लगानीमैत्री वातावरण निर्माण गरी यसको संरक्षण, संवर्धन र निरन्तरताको सुनिश्चितताका लागि आवश्यक नीति निर्माणको पहल गरिने छ ।


- निरपेक्ष गरिबिको रेखामुनी रहेको जनसंख्या, अति विपन्न न्यून वर्गको परिवार सङ्ख्या र वेरोजगार जनसङ्ख्या पूर्णरुपले घटाइने छ ।
- प्रचलित जग्गाप्राप्ति, वन, संरक्षित क्षेत्रसँग सम्बन्धित ऐनहरूलाई सङ्घीयताको मर्मअनुसार परिमार्जन गर्न पहल गरिने छ ।
- युवा, उत्पीडित र महिला समुदायमा उद्यमशीलताको विस्तार गरी स्वदेशमै रोजगार सृजना गरिने छ ।
- बेगनास ताल ड्यामसाइडमा एक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माणका लागी पहल गरिने छ ।

पार्टी केन्द्रले प्रकाशन गरेको घोषणापत्र हाम्रो मूल आधार हो त्यसलाई पालना गरिने छ ।

**आदरणीय कास्की–१ का चेतनशील एवं राष्ट्रप्रेमी दाजुभाइ तथा दिदीबहिनीहरू !**

आज मुलुक अस्थिरता, अराजकता र अनिश्चितताको चपेटामा परेको एवं संविधान कोमामा पुगेको यो संवेदनशील घडीमा संविधान, लोकतन्त्र, राष्ट्रिय स्वाभिमान र समृद्धिको बाटो सुरक्षित गर्न तपाईंको विवेकपूर्ण मत निर्णायक बन्ने छ । पुनः एकपटक गम्भीर भएर सोचौँ तपाईं हाम्रो विवेकपूर्ण मतदानले देश विगार्ने प्रवृत्तिलाई रोक्दै देश बनाउने शक्तिलाई बलियो बनाउँने छ र राष्ट्रियताको पहरेदारलाई अवसर प्रदान गर्ने छ। यस क्षेत्रको विकास, रोजगारी, सुशासन र आत्मनिर्भर भविष्यका लागि विगतमा काम गरेर देखाएका, स्पष्ट दृष्टि र दृढ सङ्कल्प भएका नेकपा (एमाले) का प्रतिनिधि सभा सदस्यका उम्मेदवार क. वैनबहादुर अधिकारी क्षेत्री नै सही विकल्प हुनुहुन्छ। तसर्थ, आगामी निर्वाचनमा हाम्रो पार्टी "सूर्य" चिन्हमा मतदान गरी उहाँलाई अत्यधिक मतले विजयी गराइदिनुहुन हार्दिक अपिल गर्दछ। तपाईंको एक मतले कास्की-१ मात्र होइन सिङ्गो राष्ट्रको भविष्य उज्यालो बन्ने छ भन्ने दृढ विश्वास छ ।

**नेकपा (एमाले) जिन्दावाद !**



**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**
**निर्वाचन परिचालन कमिटी**
**क्षेत्र नं. १, कास्की**